# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरवार, काठमाण्डौ

## वित्तीय समानीकरण अनुदान सम्वन्धमा ध्यानाकर्षण

मिति : २०७८/०३/०२ गते बुधबार

श्री अर्थ मन्त्रालय, वित्तीय सङ्घीयता समन्वय महाशाखाको च.नं. ९८ मिति २०७८/०२/२० बाट जारी "आर्थिक वर्ष २०७८/७९ को लागि प्रदेशलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन" तथा सोही मितिको च. नं. ९९ को पत्रबाट जारी गरिएको "आर्थिक वर्ष २०७८/७९ को लागि स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन" दुवैको बुँदा नं २ मा "मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ" भन्ने व्यहोरामा आयोगले गम्भीरतापूर्वक लिएको छ।

"नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ" भने वाक्यांशका सम्वन्धमा नेपालको संविधानको धारा ६०(३) मा भएको व्यवस्था अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफरिस वामोजिम हुनेछ" भन्ने व्यवस्था उल्लेख भएको  र धारा २५१(१)(ख) को व्यवस्थाले सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्वन्धमा सिफरिस गर्ने अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको सन्दर्भमा संविधानको मर्म र भावनासँग मेल खाएको नदेखिएकोले संविधान अनुसार गर्न अर्थ मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराइएको छ।